आज मिति २०७९/०६/०६ गते विहिवारका दिन दिउँसो ०४:०० बजे जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख श्री मनोज कुमार साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बसेको बैठकमा देहाय वमोजिमको नगर कार्यपालिकाको पदाधिकारीज्यूहरूको उपस्थिति रहियो ।

## उपस्थिति :

| क.सं. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मनोज कुमार साह | नगरप्रमुख | |
| २ | श्री किशोरी साह | नगर उपप्रमुख | |
| ३ | श्री दिप नरायण यादव | वडाअध्यक्ष, वडा नं.१ | |
| ४ | श्री शिव कुमार साह | वडाअध्यक्ष, वडा नं.२ | |
| ५ | श्री दिपेन्द्र साह | वडाअध्यक्ष, वडा नं.३ | |
| ६ | श्री पं. सुरेस झा | वडाअध्यक्ष, वडा नं.४ | |
| ७ | श्री वेचन साहु हलुवाई | वडाअध्यक्ष, वडा नं.५ | |
| ८ | श्री दिनेस प्रसाद साह | वडाअध्यक्ष, वडा नं.६ | |
| ९ | श्री निरज कुमार साह (मुन्ना) | वडाअध्यक्ष, वडा नं.७ | |
| १० | श्री दिनेश कुमार सिंह | वडाअध्यक्ष, वडा नं.८ | |
| ११ | श्री प्रमेश्वर साह | वडाअध्यक्ष, वडा नं.९ | |
| १२ | श्री मिथलेश कुमार कर्ण | वडाअध्यक्ष, वडा नं.१० | |
| १३ | श्री अर्जुन कुमार चौधरी | वडाअध्यक्ष, वडा नं.११ | |
| १४ | श्री महेन्द्र साह | वडाअध्यक्ष, वडा नं.१२ | |
| १५ | श्री जित बहादुर राउत | वडाअध्यक्ष, वडा नं.१३ | |

| | | | |
|---|---|---|---|
| १६ | श्री पुण्य प्रताप यादव | वडाअध्यक्ष, वडा नं.१४ | [signature] |
| १७ | श्री सन्तोष कुमार साह | वडाअध्यक्ष, वडा नं.१५ | [signature] |
| १८ | श्री रामचन्द्र पंजियार | वडाअध्यक्ष, वडा नं.१६ | [signature] |
| १९ | श्री रामबृक्ष यादव | वडाअध्यक्ष, वडा नं.१७ | [signature] |
| २० | श्री लक्ष्मेश्वर मण्डल | वडाअध्यक्ष, वडा नं.१८ | [signature] |
| २१ | श्री बिनोद कुमार साह | वडाअध्यक्ष, वडा नं.१९ | |
| २२ | श्री मोति राइन | वडाअध्यक्ष, वडा नं.२० | [signature] |
| २३ | श्री राजनारायण साह | वडाअध्यक्ष, वडा नं.२१ | [signature] |
| २४ | श्री बिमलेश मिश्र | वडाअध्यक्ष, वडा नं.२२ | [signature] |
| २५ | श्री राघबेन्द्र प्रसाद साह | वडाअध्यक्ष, वडा नं.२३ | [signature] |
| २६ | श्री उपेन्द्र सहनी | वडाअध्यक्ष, वडा नं.२४ | [signature] |
| २७ | श्री चन्देश्वर साह | वडाअध्यक्ष, वडा नं.२५ | [signature] |
| २८ | श्रीमती शैल कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | [signature] |
| २९ | श्रीमती शारदा देवी पन्त | नगर कार्यपालिका सदस्य | [signature] |
| ३० | श्रीमती मनिषा देवी | नगर कार्यपालिका सदस्य | [signature] |
| ३१ | श्रीमती फुल कुमारी देवी | नगर कार्यपालिका सदस्य | [signature] |
| ३२ | श्रीमती सन्जु देवी दास | नगर कार्यपालिका सदस्य | [signature] |
| ३३ | श्री राकेश विक्रम साह | नगर कार्यपालिका सदस्य | [signature] |
| ३४ | श्री दिपेन्द्र कुमार साह | नगर कार्यपालिका सदस्य | [signature] |
| ३५ | श्री सन्तोष महतो | नगर कार्यपालिका सदस्य | [signature] |

| | | | |
|---|---|---|---|
| ३६ | श्री रत्नेश शशि | सदस्य सचिव-प्र.प्र.अ. | |

बैठकका एजेन्डाः

१.कर्मचारी पदपूर्ती सम्वन्धमा ।

२.स्ट्रीट लाइट खरिद तथा जडान सम्वन्धमा ।

३.जानकी मन्दिरको मास्क लाइट जडान सम्वन्धमा ।

४.आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण सम्वन्धमा ।

५.महिला स्वास्थ्य स्वयंसेविकाको यातायात सुविधा सम्वन्धमा ।

६.खोप केन्द्र संचालन गरे वापतको सुविधा सम्वन्धमा ।

७.स्तर वृद्धि तथा तह मिलान सम्वन्धमा ।

८.कार्यविधि तथा निर्देशिका सम्वन्धमा ।

९.विविध ।

## निर्णयहरुः

प्रस्ताव नं. १.- कर्मचारी पदपूर्तिसम्बन्धमा।

निर्णयनं. १.:-यस जनकपुरधाम उपमहानगरपालिकाको कार्यालयमा कर्मचारी अभावका कारण दैनिक तथाअति आवश्यक कार्य सम्पादन गर्नकठिनाई भैरहेको हुँदा करार सेवामा कर्मचारी व्यवस्थापनकोलागी पदपूर्ति समिती चयन गरी सम्पूर्ण प्रक्रिया पूर्याई देहाय बमोजिमका कर्मचारीहरु करारमा पदपूर्ति गर्न निर्णय पारितगरियो ।

तपशिल

| क.सं. | पद | संख्या | तह | कैफियत |
|---|---|---|---|---|
| १. | प्रधनमन्त्री रोजगार कार्यक्रम अन्तर्गत (सशर्त) | | | |
| १.क. | संयोजक | १ | छैठौ | |
| १.ख. | सह-संयोजक | १ | पाँचौ | |
| २. | सामी परियोजना अन्तर्गत (सशर्त) | | | |
| २.क. | परियोजना संयोजक | १ | छैठौ | |
| २.ख. | सामाजिकपरिचालक | १ | छैठौ | |
| २.ग.. | सूचना तथा परामर्शकर्ता | २ | पाँचौ | |
| २.घ. | मनोसामाजिकपरामर्शकर्ता | १ | चौथो | |
| २.ङ | वित्तीय साक्षर सहजकर्ता | १ | चौथो | |
| २.च. | रिटरनी स्वयम् सेवक | ३ | | |
| ३. | सुचना प्राविधिक विज्ञ (सशर्त समानीकरण) | १ | छैठौ | |
| ४. | सिविल ईन्जिनियर | १ | छैठौ | |
| ५. | सब मेकेनिकल | १ | पाँचौ | |
| ६. | सहायक कम्पुटर अपरेटर | ३५ | चौथो | |
| ७. | हेभी सवारी चालक | ९ | श्रेणीविहिन | |
| ८. | हलुका सवारी चालक | २० | श्रेणी विहिन | |
| ९. | बुमर अपरेटर ड्राईभर | १ | श्रेणी विहिन | |
| १०. | फायरसैनसिपाही | १० | श्रेणी विहिन | |
| ११. | नगर प्रहरी | १० | श्रेणी विहिन | |
| १२. | चौकीदार | २ | श्रेणी विहिन | |
| १३. | माली | १ | श्रेणी विहिन | |
| १४. | कुचिकार | ५० | श्रेणी विहिन | |

| | | | | |
|---|---|---|---|---|
| १५. | ईलेक्ट्रीशियन | ३ | श्रेणी बिहिन | |
| १६. | पशु चिकित्शक (सशर्त) | १ | छैठौ | |
| १७. | कृषि स्नातक (सशर्त) | १ | छैठौ | |

प्रधानमन्त्री रोजगार कार्यक्रममा कर्मचारी पदपूर्ति समिति सम्बन्धमा:

उक्त कार्यक्रम संचालनकार्यान्वयका लागि रोजगार संयोजक - १ जना (छैठौं तह) र सहायक रोजगार- १ जना (पाँचौतह) बमोजिमको कर्मचारीहरु पदपूर्ति गर्ने निर्णय पारितगरियोर सो कार्यका लागी देहाय बमोजिका पदपूर्ति समिति गठन गर्ने निर्णय पारित गरियो।

देहाय:-

क. सुनिल मल्लिक,

ख. नागेन्द्र यादव, CTEVT, मधेस प्रदेश प्रमूख

ग. प्रमुख प्रशासकीय अधिकृत, ज.उ.म.न.पा – सदस्य सचिव

प्रस्ताव नं. २:स्ट्रिट लाईटखरिदजडान सम्बन्धमा।

निर्णय नं. २:

(क) स्ट्रीट लाईट खरिद तथा जडान कार्यको लागी विनियोजित पचपन्न लाख रकमबाट चांड पर्वलाई लक्षित गरी सो विनियोजित रकमबाट दश लाख रकम बराबरको बल्ब, होलडर लगायतका सामाग्रीहरु खरिद गर्ने साथै उक्त शिर्षकमा बाँकी रहेको रकमबाट उल्लेखित शिर्षक अनुसारकै अन्य सामाग्री खरिद गर्ने निर्णय पारित गरियो ।

(ख) कार्यपालिका बैठकबाट संख्या स्वीकृत भएपछि सोको खरिद कार्य स्ट्रीट लाईट खरिद तथा जडान कार्य शिर्षकबाट दश लाख रकम सम्मको लागत इष्टिमेट बनाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ सोझै खरिद सम्बन्धी व्यवस्था बमोजिम खरीद प्रकृया कार्यान्वयन गर्ने अख्तियारी कार्यालयलाई दिने निर्णय पारित गरियो ।

प्रस्ताव नं. ३:जानकी मन्दिरको मास्ट लाईट सञ्चालन सम्बन्धमा।

निर्णयनं.३:श्री जानकी मन्दिरको पार्क भित्र रहेको १ थान हाई मास्ट लाईट संचालन तथा व्यवस्थापनको लागि थ्रि फेज मिटर यस कार्यालयको नाममा जडान गरी सोको महशुल भुक्तानी पानी तथा बिजुली खर्च शिर्षकबाट हुने गरी संचालनमा ल्याउने निर्णय गरियो ।

प्रस्ताव नं.४:आधारभूत सेवा केन्द्र निर्माण सम्बन्धमा ।

निर्णयनं.४:वडा नं. ५ र १० मा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना तथा संचालन गर्ने निर्णयगरियो ।

प्रस्ताव नं. ५:महिला स्वास्थ्य स्वयंसेविकाको यातायातसुविधा सम्बन्धमा ।

निर्णय नं.५:मासिक रुपमा नियमित खोप सेवा कार्यक्रम संचालन गरे वापत कर्मचारी तथा सहयोगी महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई प्रतिवेदन अनुसार प्रति दिन रु. १००/- का दरले सुविधा उपलब्ध गराउने निर्णयगरियो ।

प्रस्ताव नं. ६:खोप केन्द्र संचालन गरे वापतको सुविधा सम्बन्धमा ।

निर्णयनं.६:आठौ नगर सभाबाट विनियोजित स्वास्थ्य तर्फ महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई मासिक प्रतिवेदन वुझाए वापत यातायात खर्च वापत प्रति महिना रु ५००/- का दरले रकम उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ७:स्तर वृद्धि तथा तह मिलान सम्बन्धमा ।

निर्णयनं.७:

(क) आ.व. २०७७/०७८ को महालेखापरिक्षककोकार्यालयबाट अन्तिम लेखा परिक्षण हुँदा बेरुजु दफा नं १८ मा उल्लेखितकानुन विपरित स्तर बृद्धि तथा तह मिलान सम्बन्धमा यस उपमहानगरपालिकालेबनाएको "जनकपुरधाम उपमहानगरपालिकामा कार्यरत कर्मचारीकोसमायोजन (स्तर बृद्धि) सम्बन्ध व्यवस्था गर्न बनेको ऐन,२०७७"कानुन स्थानीय राजपत्रमा प्रकाशन गरेको देखिएको सम्परिक्षणको लागि महालेखापरिक्षककोकार्यालयलाई अनुरोध गर्ने ।

(ख) मधेशप्रदेश लोक सेवा आयोग, जनकपुरधामसंग परामर्श तथा सहमति नै नलिई गरिएको सो स्तर वृद्धिका सम्वन्धमा मधेशप्रदेश लोक सेवा आयोग, जनकपुरधामसंग राय मांग गर्ने निर्णय गरियो ।

(ग) यस अघि खुवाएको तलब/भत्ता समेत बेरुजु कायम हुन आएकोले तलब/भत्ता खुवाउन खठिनाई भएकोले आसन्न चाडपर्व कारण "जनकपुरधाम उपमहानगरपालिकामा कार्यरत कर्मचारीकोसमायोजन (स्तर बृद्धि) सम्बन्ध व्यवस्था गर्न बनेको ऐन,२०७७"अनुसार गरिएकोस्तर वृद्धि तथा तह मिलान

बमोजिम निज ७० जना कर्मचारीलाई महालेखा परिक्षकको निर्णयप्राप्त नभए सम्म अन्तिम पटकलाई असोज महिनासम्म सोही बमोजिम तलब भत्ता उपलब्ध गराउने तथा असोज महिना पश्चात महालेखा परिक्षकको कार्यालयको निर्देशन बमोजिम गर्ने गराउने निर्णय गरियो ।

(घ) महालेखा परिक्षकको कार्यालयको निर्देशन बमोजिमसम्परिक्षण भए सोही बमोजिम वा सम्परिक्षणको लागि पूर्ण आधार नभएमा कानून विपरितको स्तरबृद्धि बदर गरि उक्त कायम बेरुजु रकम सम्बन्धितकर्मचारीहरुबाट अशुल उपर गरि साविककै पदमा खाईपाई आएको तलब/भत्तासुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८:- कार्यविधि तथा निर्देशिका सम्बन्धमा ।**

<u>निर्णयनं.८:</u>समय अभावका कारण छलफल हुन नसकेकोले अर्को बैढकमा पुनः प्रस्ताव पेश गर्ने।

**प्रस्ताव नं. ९: शिक्षा क्षेत्रमा रहेको विभिन्न विषयमा छानबिन समिति गठन सम्बन्धमा।**

<u>निर्णयनं.९:</u>नगर शिक्षा ऐन, २०७९ को व्यवस्था बमोजिम शिक्षा समितिलाई परिचालन गर्ने गराउने निर्णय गरियो ।

<u>प्रस्ताव नं. १०: विविध</u>

<u>निर्णयनं.१०:</u>

क. कृषि तथा पशुपंक्षी सम्बन्धी कार्यक्रमहरु वडा नं. १२ देखि २५ सम्म सञ्चालन गर्ने ।

ख. उप-प्रमूखज्यूको स्वकिय सचिवालयमा कर्मचारी नियुक्ति नभएकाले निजको सिफारिसमा १ जना स्वकिय सचिव नियुक्ति गर्ने ।

ग. कार्यालयको आन्तरिक व्यवस्थापन अत्यन्तै कमजोर भएकोले प्रमूख प्रशासकिय अधिकृतलाई अर्को कार्यपालिका बैठकमा कर्मचारी व्यवस्थापन सम्बन्धि विषय प्रस्तुत गर्न अख्तियारी दिने निर्णय गरियो ।